## लोक सेवा आयोग

### नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, आठौं, उपप्रबन्धक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०८।२२

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषयः सेवा सम्बन्धी

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" — ५० अङ्क

१. नेपालको हवाई नीति र पर्यटन नीतिबीचको सम्बन्ध तथा समानता र असमानताहरू पहिचान गर्नुहोस् । उक्त दुई नीतिलाई प्रभावकारीरूपमा कायान्वयन गर्न के-कस्तो सुधार गर्नु आवश्यक छ? उदाहरणसहित लेख्नुहोस् । ५+५=१०

२. नेपालमा विमानस्थल निर्माण, सञ्चालन र उपयोगमा नाम मात्रको सार्वजनिक निजी साझेदारी रहेको र आयोजना कार्यान्वयन गर्दा टुप्पोदेखि फेद हुँदै जरोसम्म समस्यैसमस्या खडा हुने गरेको सुनिन्छ । सम्भाव्यता अध्ययन, आयोजना पहिचान तथा हतारहतारमा आयोजना छनोट र प्राथमिकीकरणमै त्रुटी हुने, कार्यान्वयन गर्दा अपर्झट बाधा व्यवधान आईलाग्ने, जग्गा प्राप्ती र क्षतिपूर्तिको अड्को थापिने, अन्तर निकाय समन्वय सहकार्य अभाव हुने गरेकोसमेत आरोप लाग्ने गरेको छ ।

यसैगरी लागत वृद्धि समस्या, व्यवस्थापकीय कला कौशलमा कमी कमजोरी, बजेट सुनिश्चितता समयमै नुहुनु, समयमा खर्च र दातृ निकायबाट समयमा खर्च रकम मागसमेत नहुँदा मूलुकले अपेक्षा गरेअनुरूप समयमै कार्यसम्पन्न गरी उपलब्धि हासिल हुन सकेन ।

यस्तो परिस्थिति हुनुमा समस्याको जड के हो? समस्या उत्पन्न हुनुका कारक तत्वहरू पहिल्याई समस्या एवं चुनौती निराकरणको लागि कार्यान्वयनयोग्य एवं यथार्थपरक सुझावहरूसहितको कार्ययोजना प्रस्तुत गर्नुहोस् । २+६+१२=२०

३. नेपालको सार्वजनिक खरिद एवं विकास निर्माणको कार्यले गुणस्तर सुनिश्चित गर्न नसकेको, समयमा सम्पन्न नहुँदा लागतमा वृद्धि हुन गएको र काममा ढिलासुस्तीले नागरिकमा सरकारप्रतिको धारणामा नकारात्मकता बढ्दै गएको देखिन्छ । उपरोक्त सन्दर्भमा नेपालको सार्वजनिक खरिद प्रकृयामा देखिएका प्रमुख समस्या तथा चुनौतीलाई केलाउँदै ती समस्या सम्बोधन गर्न के-कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला? सोको विवेचना गर्दै सार्वजनिक निर्माण तथा खरिदमा निर्माण व्यवसायीलाई जिम्मेवार बनाई गुणस्तरीय निर्माण कार्य समयमा नै सम्पन्न गर्न नेपालको खरिद कानून एवं प्रकृयामा गर्नुपर्ने सुधारको खाकासहित कार्ययोजना प्रस्तुत गर्नुहोस् । ६+६+८=२०

क्रमशः ...

## खण्ड "ख"

५० अङ्क

४. "नैतिकता, उच्च चारित्रिक मूल्य र व्यवसायिकता कुनै पनि संस्थाको साख (Image) निर्माणका मुख्य आधार हुन्" भन्ने मान्यतालाई पुष्टि गर्दै नेपाल नागरिक उड्डयन प्राधिकरणमा यो मान्यतालाई सम्बोधन गर्न के-कस्तो व्यवस्था गरिएको छ? विवेचना गर्नुहोस् । ५+५=१०

५. नेपाल जस्ता देशका लागि पूर्वाधार निर्माण, वस्तु र सेवाको उत्पादन र समग्र विकास व्यवस्थापनका लागि विदेशी लगानी महत्वपूर्ण आयामको रूपमा रहेको छ । विदेशी लगानीलाई आकर्षित गर्न नेपालले नीतिगत उदारीकरण र प्रकृयागत सुधारलाई उच्च प्राथमिकतामा राखेको छ । तथापि विगत केही वर्षको विदेशी लगानीको प्रवृत्ति र तथ्य विश्लेषण गर्दा सन्तोष गर्ने ठाउँ पाइँदैन । विदेशी लगानीकर्ताले लगानीपूर्व मुख्यरूपमा सम्बन्धित देशको नीति, प्राप्त हुने प्रतिफल, सम्भावित ग्राहक र बजार, आवश्यक कच्चा पदार्थ, पूर्वाधारको अवस्था, लगानीको सुरक्षा, सूचना र प्रविधिको अवस्थाका साथै श्रमिकको उपलब्धता लगायतको विषयको सुक्ष्म अध्ययन र विश्लेषण गर्दछन् । लगानीकर्ताले अध्ययन र विश्लेषण गर्ने यी विषयमा नेपालको अवस्था कस्तो रहेको छ? नेपाललाई लगानीको लागि उत्कृष्ट गन्तव्यको रूपमा विकास गरी पर्याप्त लगानी आकर्षित गर्न के-कस्ता विषयमा विशेष ध्यान दिनु पर्छ? लगानी वृद्धि गर्ने सन्दर्भमा निजी क्षेत्रको भूमिका के-कस्तो हुन्छ? कार्यान्वयनयोग्य सुझावहरू उदाहरणसहित लेख्नुहोस् । ७+५+३+५=२०

६. नेपालमा सुगम यातायातबाट बञ्चितीकरणमा परेको विकट क्षेत्रका आम नागरिकका लागि न्यूनतम् आधारभूत आवश्यकता खाद्यान्न, औषधी, आवागमनमा छिटो छरितो पहुँच, खोज तथा उद्धार, प्रकोपजन्य विपत्ति र उद्धार तथा व्यापारिक प्रयोजनका लागि हवाई यातायात अति आवश्यक तथा एकमात्र विकल्पको रूपमा रहेको छ ।

यस्तो परिस्थितिमा हवाई यातायात सेवा कति सुरक्षित छ? सबै निकाय संवेदनशील हुँदासमेत दुर्घटना हुने, यात्रुले जोखिम मोल्नुपर्ने, भवितव्य भनी मान्न नसकिने र अकल्पनीय अवस्था सिर्जना हुने परिवेशमा दुर्घटना टारेर टार्न सकिन्छ?

मानवीय सुरक्षा नै हवाई सुरक्षाको विशेष अंग भएको हुँदा सम्बद्ध निकाय एवं पदाधिकारीले उल्लेख्य सावधानी अपनाउनुपर्ने, यान्त्रिक त्रुटीको मसिनो अध्ययन गरी पूर्व आंकलन गरिनुपर्ने र सबै पूर्वशर्तको परिपालनासमेत गरिनुपर्छ ।

कतिपय परिस्थितिमा ट्राफिकका कारण हवाई जहाज आकाशमा होल्ड गराउँदा यात्रु तर्सिने, उडानमा ढिलाइ हुने गर्दछ । अर्कोतर्फ हवाई मैदानको मर्मत स्तरोन्नति समयमा नहुने, टर्मिनल भवन विकास विस्तार, स्तरोन्नति र हवाई ट्राफिकको व्यवस्थापन नहुने तथा मानवबस्तीको बीचमा हवाई मैदान हुनु दुर्घटना निम्तिनुका कारक तत्व हुन सक्छन् । यी यावत समस्या समाधानका लागि नियमनकारी निकायले समयमै पर्याप्त ध्यान दिन नसकेको गुनासो एकातिर रहेको अवस्था र नेपालको भौगोलिक बनोटसमेतको परिस्थितिमा समस्याको पहिचान गरी भावी एवं मौजुदा हवाई यातायातको सुरक्षात्मक एवं भरपर्दो, विश्वसनीय नीतिगत व्यवस्था र संस्थागत सुधार तथा लिनुपर्ने रणनीतिको खाका तयार पार्नुहोस् । २+५+५+८=२०

:: समाप्त ::